# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट
वागमती प्रदेश, नेपाल

☎ ०१०-५६००६३
०१०-५६०४६१

प.स.:०७६/७७
च.नं.

मिति : २०७७।०३।२३

**लिलाम बिक्री सम्बन्धि पुनः शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना**
**(दोश्रो पटक प्रकाशित मिति २०७७।०३।२५)**

आर्थिक कार्यविधी नियमावली २०६४ (संशोधन २०७६) को नियम ५८ (११) अनुसार यस कार्यालयमा रहेका फर्निचर, फर्निसिङ, ईलेक्ट्रिकल्स, टायर, काठ तथा फलामका टुक्रा लगायतका विभिन्न किसिमका पुराना सामाग्रीहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, संस्था वा फर्मबाट निम्न अनुसारको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयमा रु १०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरी यसै कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्नका लागि फर्म वा संस्थाको हकमा चालु आ.ब.को लागि नविकरण भएको ब्यवसाय दर्ता ईजाजत पत्र, प्यान दर्ता प्रमाणपत्र र आ.व. २०७५/२०७६ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा फाराम साथ नेपाल बैंक लिमिटेड, त्रिशुली शाखामा रहेको विदुर नगर पालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं. ०२६०३००००००००३००००८ मा आफुले कबोल गरेको रकमको १०% ले हुने रकमको बैंक भौचर वा कार्यालयमा जम्मा गरेको सक्कल रसिद साथै पेश गर्नुपर्नेछ ।

४) यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन मध्यान्ह १२ बजे भित्र विदुर नगर कार्यपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट तोकिएको समयभित्र हुनेछ ।

६) सामानको न्यूनतम कबोल मूल्य भ्याट सहित रु २०५२७९।-(अक्षेरेपी दुई लाख पाँच हजार दुई सय उनान्असी मात्र) आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

७) बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फारममा सही छाप गरी बोलपत्र फाराम शिलबन्दी गरेको हुनु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरिनेछ ।

८) लिलाम बिक्री हुने पुरानो सरसामानहरु हेर्न चाहेमा कार्यालय खुलेको समयमा विदुर नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखामा सम्पर्क गरि हेर्न सकिनेछ ।

९) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र रकम जम्मा गरि सामानहरु जुन अवस्थामा छन् सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

१०) यसमा उल्लेखित भएका बाहेक अन्य कुरा आर्थिक कार्यविधि तथा बित्तीय दायित्व ऐन २०७६ र आर्थिक कार्यविधि नियमावली, २०७६ बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत